जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १३८ पृष्ठः ४ | २०८२ असोज ०२ गते बिहीबार (Thursday 18 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## तीन दर्जनभन्दा बढी भौतिक संरचनामा क्षति



जीवछ यादव

लहान, १ असोज। नवपुस्ता ( जेनजी) आन्दोलन र प्रदर्शनको क्रममा सिराहाका विभिन्न स्थानीय तह, सरकारी कार्यालय र राजनीति दलका नेताको घरसमेत गरी तीन दर्जनभन्दा बढी भौतिक संरचनामा क्षति भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी वीरेन्द्रकुमार पासवानको अनुसार जिल्ला अदालत सिरहा, नापी कार्यालय लहान, जिल्ला सरकारी वकिल कार्यालय, आन्तरिक राजस्व कार्यालय लहान, डिभिजन वन कार्यालय लहान, यातायात व्यवस्था विभाग लहान, नेपाल खाद्य व्यवस्था व्यापार कम्पनी कार्यालय लहान, घरेलु तथा साना उद्योग कार्यालय लहान सिराहामा आगजनी गरी तोडफोड गरेर क्षति पुगेको छ।

पूर्वमन्त्री तथा सिराहा-३ का सांसद लीलानाथ श्रेष्ठ मधेश प्रदेशका जनसंख्या तथा स्वास्थ्य मन्त्री शत्रुधनप्रसाद सिंहको गोलबजार नगरपालिकास्थित घरमा आगजनी गरेर पूर्ण क्षति पुऱ्याएका छन्। यसै गरी गोलबजार नगरपालिका नगरप्रमुख श्याम श्रेष्ठ, धनगडीमाई नगरपालिका प्रमुख शिव शंकर महतो र गोलबजार-६ का वडाध्यक्ष सञ्जीव लामाको निजी सम्पत्तिमासमेत क्षति पुऱ्याएको सूचना अधिकारी पासवानले जानकारी गराउनुभयो। बाह्र स्थानीय तहका ३७ वटा भौतिक संरचनामा क्षति भएको छ भने प्रहरीको आठ वटा चौकीमा तोडफोड तथा १० वटा चौकीमा आगजनी गरिएको छ। प्रहरीले प्रयोग गरिरहेको तीन वटा चार पाङ्ग्रे र छ वटा दुई पाङ्ग्रे गाडी क्षति भएको छ। प्रदर्शनमा नौ जना प्रहरी सामान्य घाइते भएका छन् भने सर्वसाधारणतर्फ कुनै क्षति भएको छैन।

लहानस्थित खाद्य व्यवस्था कम्पनी शाखा कार्यालयमा रहेको तीन हजार दुई सय क्विन्टल चिनी र आठ हजार क्विन्टल चामल गरी कार्यालयका सबै भौतिक क्षति गरेर ११ करोड रुपियाँको क्षति भएको कार्यालय प्रमुख दीपक सुनारले जानकारी दिनुभयो। यसै गरी लहानस्थित घरेलु तथा साना उद्योग कार्यालय पूर्ण रूपमा क्षति भएकाले एक करोड रुपियाँभन्दा बढीको क्षति भएको कार्यालय प्रमुख किशोरी शरण यादवले जानकारी दिनुभयो। लहान नगरपालिकाको कुनै पनि शाखा सुरक्षित नभएको यस कार्यालयको दुई करोड रुपियाँभन्दा बढीको क्षति भएको प्रमुख प्रशासकीय प्रमुख जयकान्त झाले जानकारी दिनुभयो। सिरहामा भएको यकिन क्षतिबारे अझै तथ्याङ्क संकलन भइरहेकाले चाँडै नै जानकारी गराउने जिल्ला प्रशासन कार्यालय सिराहाले बताएको छ।

## कोशी ब्यारेजका २७ ढोका खोलिए



सुनसरी, १ असोज। सप्तकोशी नदीमा जलसतह बढ्दै गएपछि कोशी ब्यारेजका २७ ढोका खोलिएका छन्। बिहान ११ बजे गरिएको जल सतह मापनमा कोशी ब्यारेजमा पानीको प्रवाह प्रतिसेकेण्ड दुई लाख सात हजार ३० क्युसेक पुगेपछि २७ ढोका खोलिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता योगराज खतिवडाले जानकारी दिनुभयो। मंगलबार बेलुका १० बजे पानीको प्रवाह मापन गर्दा एक लाख ८२ हजार २८७ प्रतिसेकेण्ड पाइएपछि २४ ढोका खोलिएको थियो। गत भदौ १७ गते नदीमा पानीको बहाव उच्च हुँदै जाँदा कोशी ब्यारेजका ५६ मध्ये ३८ ढोका खोलिएको थियो।

त्यसपछि लगातार पानीको बहाव घटेको थियो भने बिहानदेखि सप्तकोशीमा पानीको बहाव बढ्दै गएको प्रवक्ता खतिवडाले बताउनुभयो। कोशी ब्यारेजमा पानीको प्रवाह एक लाख ५० हजार

-बाँकी तीन पेजमा

## कल्याणपुरमा वडाध्यक्षले नै आगजनी गराएको भिडियो फेला, उम्किन सरकारी लेटरप्याडको दुरुपयोग

नगरपालिकाको कार्यालयअगाडि जम्मा भएको भीडमै रहेका वडाध्यक्ष यादवले उक्त भिडियोमा भनेका छन्, 'रै दिनेश, जो न तोर न ताला, आइग फुक न।'

**विनय आजाद**



कल्याणपुर नगरपालिका
९ नं. वडा कार्यालय



सिरहा, १ असोज। जेन-जी आन्दोलनका क्रममा सिरहाको कल्याणपुर नगरपालिकामा भएको तोडफोड, लुटपाट र आगजनीमा वडाध्यक्षकै संलग्नता पुष्टि हुने भिडियो फेला परेको छ। कल्याणपुर नगरपालिका-९ का वडाध्यक्ष विनोदकुमार यादवले भीडलाई उक्साएको भिडियो सार्वजनिक भएको हो। वडाध्यक्ष यादव सीके राउत नेतृत्वको जनमत पार्टीबाट निर्वाचित भएका हुन्। सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोमा उनले दिनेश नाम गरेका एक युवकलाई कार्यालयको ताला तोड्न र आगो लगाउन भनेका छन्।

नगरपालिकाको कार्यालय अगाडि जम्मा भएको भीडमै रहेका वडाध्यक्ष यादवले उक्त भिडियोमा भनेका छन्, 'रै दिनेश, जो न तोर न ताला, आइग फुक न।' अर्थात्, उनले 'ओइ दिनेश, जाउ न तोड न ताला, आगो फुक न।' नगरपालिकामा आगजनी, तोडफोड र लुटपाट गर्न वडाध्यक्ष यादवले नै भीडलाई ल्याएर उक्साएको स्थानीय

-बाँकी दुई पेजमा




SNEHA AUTO ZONE
9801592518

**संविधान दिवस भब्य रूपमा मनाऔं ।**

- संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं,
- संविधानको महत्व बुझौं र बुझाऔं,
- प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं र दीपावली गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## युवाको बलिदान खेर नजाओस्

जेन–जीका नाममा नवयुवाले सुरु गरेको आन्दोलनमा ज्यान गुमाउनेहरूको सम्मानमा आज सरकारले राष्ट्रिय शोक मनाउने घोषणा गरेको छ। नेपालमा दर्ता हुन नआउने सामाजिक सञ्जाल बन्द गरिएपछि जेन–जीका नामबाट भ्रष्टाचार नियन्त्रण र सुशासनसमेतको माग राखी आन्दोलन आह्वान गरिएको थियो। आन्दोलनका क्रममा भदौ २३ गते आन्दोलनकारीमाथि भएको गोली प्रहारबाट १९ जनाको मृत्यु भयो। घाइते भएकाहरूमध्ये पनि केहीको मृत्यु भएको छ भने कर्तव्य पालनकै क्रममा प्रहरीहरू पनि मारिएका छन्। निजी घर र व्यापारिक प्रतिष्ठानमा पनि आगजनीका कारण पनि केहीले ज्यान गुमाए। अहिलेसम्म सार्वजनिक जानकारीअनुसार आन्दोलनका नाममा ७२ जनाको इहलीला समाप्त भएको छ।

यी सबै नेपाली नागरिकको मृत्यु यथार्थमै दुःखद र शोकदायी घटना हो। अझ आन्दोलनका क्रममा भएको दमन र हिंसामा परी ज्यान गुमाउनेहरूको परिवारका लागि त वज्रपात नै भएको छ। यस्तै, घाइते भएका सयौं जना अहिले पनि उपचाररत छन्। सरकारी दमनका साथै विध्वंसकारीको क्रूरताका कारण घाइते भएकाहरूको शीघ्र स्वाथ्य लाभको कामना छ। घाइतेहरूको उपचार र ज्यान गुमाउनेहरूको परिवारलाई आर्थिक सहयोग गर्ने निर्णय पनि सरकारले गरेको छ। यिनै युवाको प्राणोत्सर्गका कारण राज्यको सत्ता परिवर्तन भएको हो। युवाको आत्मबलिदानको जगमा बनेको सरकारले उनीहरूप्रति सम्मान र शोक प्रकट गरेर कृतज्ञता पनि प्रकट गरेको छ।

जेन–जीहरूको आत्मबलिदान पक्कै पनि नेपालको इतिहासमा स्वर्णाक्षरमा लेखिनेछ। उनीहरूको बलिदानको जगमा बनेको सरकारले देशलाई भ्रष्टाचार नियन्त्रण र सुशासनतर्फ अग्रसर गराउन सक्यो भने तिनको आत्मोत्सर्ग सार्थक पनि हुनेछ। नेपाली समाजमा भने सहिदहरूको पूजा त गर्ने तर तिनको भावनाको अवज्ञा गर्ने प्रवृत्ति व्याप्त छ। जेन–जी आन्दोलनका सहिद यसको अपवाद बन्न सकुन्। यही सन्दर्भमा कर्तव्य पालनकै सिलसिलामा ज्यान गुमाएका प्रहरी सुरक्षाकर्मीको आत्मबलिदान बिर्सिइयो भने उनीहरूमाथि ठूलो अन्याय हुनेछ। ती प्रहरीहरूप्रति राज्यले सम्मान गर्न चुक्यो भने त्यो कृतघ्नता ठहरिनेछ। सरकारका जिम्मेवार पदाधिकारीको ध्यान प्रहरीहरूको बलिदानमा पनि जानुपर्छ।

हामी आन्दोलनका क्रममा सहिद भएका वीर युवाका साथै कर्तव्यपरायण प्रहरीलगायत विध्वंशकारीको नृशंसताबाट ज्यान गुमाउनेहरू सबैप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्छौं। घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना। कहिल्यै पूरा नहुने क्षति सहेका शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना !

*कल्याणपुरमा ...*

प्रत्यक्षदर्शी धनुष मण्डलले पनि बताए। उनीहरूलाई आगजनीका लागि पेट्रोल किन्न पनि उनले नै पैसा दिएको कुरा त्यहाँ सुनेको उनको दाबी छ। 'म त्यहीं थिएँ, प्रहरीले पनि रोक्न धेरै कोसिस गऱ्यो, हामीले पनि गऱ्यौं,' उनले भने, 'तर, भीडलाई यसरी उक्साइयो कि क्षणभरमै त्यति ठूलो क्षति भयो, यो घटनामा उनी पर्दामा देखिए पनि पर्दाभित्र अरू पनि छन्, यहाँका सबैलाई थाहा छ।'

नगरपालिकाको ट्याक्टर र जेनेरेटरलगायत आगजनीबाट पूर्ण रूपमा जलेको छ भने कार्यालयभित्रको दराज, टेबल, सोफा, कम्प्युटर, कुर्सीमा तोडफोड र आगजनी गर्दै अधिकांश उनीहरूले लुटेर लगेका हुन्। यसबाट करिब दस करोड रुपैयाँ बराबरको भौतिक क्षति भएको नगरपालिकाले जनाएको छ। कल्याणपुर नगरपालिकाका मेयर रामपुकार साह एक लाख रुपैयाँ घुससहित अख्तियारद्वारा पक्राउ परेर निलम्बनमा परेपछि उनी निकट रहेका वडाध्यक्ष यादवले नगरपालिकामा पटकपटक विवाद गर्ने प्रयास गर्दै आएका थिए। तर, यसपल्ट भने आन्दोलनको फाइदा उठाउँदै उनले यस्तो गरेको कार्यबाहक नगरप्रमुख रेखा देवी यादवको आरोप छ।

**कारबाहीबाट जोगिन सरकारी लेटरप्याडको दुरुपयोग**

डाध्यक्ष यादवले आफू मुछिएको व्यक्तिगत घटनामा कानुनी कारबाहीबाट जोगिन सरकारी लेटरप्याडको दुरुपयोग गरेका छन्। सामाजिक सञ्जालमा छ्यापछ्याप्ती रहेको भिडियोका आधारमा यसमा वडाध्यक्षलगायतकै संलग्नता रहेको समाचार यसअघि नै सञ्चारमाध्यममा आएको थियो। जसका आधारमा प्रहरीले अनुसन्धान पनि थालिसकेको छ।

तर, यसको खण्डन गर्न उनले वडा कार्यालयकै सरकारी लेटप्याड दुरुपयोग गरेका हुन्। मंगलबार साँझ प्रेस विज्ञप्ति जारी गर्दै उनले घटनामा आफ्नो कुनै संलग्नता नरहेको र आफू अर्कै कामले कल्याणपुर जाने क्रममा नगरपालिका कार्यालयअगाडि रोकिएको दाबी गरेका छन्।

# विज्ञान र प्रविधिको विकास




मानिस एक जिज्ञासु प्राणी हो। यही जिज्ञासु स्वभावको कारणले नै प्रकृतिका नियम बुझ्न, सिद्धान्त प्रतिपादन गर्न, त्यसलाई प्रयोग गर्न मानिसले छलाङ लगाइरहेकै छ र तथ्यमा आधारित भएर गरिने कार्य नै विज्ञान हो भन्न सकिन्छ। यस हिसाबले विज्ञान भनेको ब्रह्माण्डसित सिद्धान्त र प्रयोगको आधारमा तर्कयुक्त संवाद गर्ने माध्यम हो भन्न सकिन्छ। जीवनलाई सहज बनाउन विज्ञान र प्रविधिको प्रयोग मानव सभ्यतासँगै अगाडि बढ्दै आउनु स्वाभाविक छ। विज्ञानको चेतसँगै दैनिक जीवनलाई सजिलो बनाउन प्रविधिको विकास हुँदै जान्छ र आवश्यकता अनुसार प्रविधिमा स्थानविशेष, हावापानी, स्रोतसाधनको उपलब्धतासँगै नवप्रवर्तनको खाँचो पर्दै जान्छ।

नवप्रवर्तनमार्फत उपलब्ध प्रविधिलाई सर्वसुलभ बनाउन सकिन्छ र विकास निर्माणलाई आमजनताको श्रीवृद्धिमा प्रयोग गर्दा राष्ट्र समृद्धिको यात्रामा अगाडि बढ्छ। विज्ञान र प्रविधिमा देश तथा समाजको आवश्यकता अनुसार नवप्रवर्तनले सदैव नयाँ कुराको माग गरिरहेको हुन्छ किनभने देश, समाज र व्यक्तिका आवश्यकता फरक फरक प्रकृतिका हुन्छन्। समकालीन विश्वमा विभिन्न देशले विज्ञान र प्रविधिको प्रयोगमा चामत्कारिक उपलब्धि हासिल गरेका छन् र विकासमा उल्लेख्य प्रगति गरेका छन्। हाल विज्ञान र प्रविधिको क्षेत्रमा नयाँ नयाँ विकाससँगै प्राज्ञिक क्षेत्रमा विज्ञान, प्रविधि र नवप्रर्वतनको विषयमा खुलेर छलफल सुरु भएको छ, यसलाई सुखद संकेतका रूपमा लिन सकिन्छ।

करिब सय वर्षअघि नै नेपालमा आधुनिक विज्ञानको सुरु भएको मान्न सकिन्छ। सन् १९२२ मा तत्कालीन श्री ३ चन्द्रशमशेर राणाले सुरु गराएको भनिएको माल सामान ढुवानीका लागि २२ किमी लामो चिसापानी चन्द्रागिरी हुँदै काठमाडौँ आउने रज्जुमार्ग एक महत्वपूर्ण कोसेढुङ्गा मान्न सकिन्छ। त्यसपछि विसं २०२१ त्यही रज्जुमार्गको विस्तारित गरिएको हेटौंडादेखि काठमाडौँसम्मको ४२ किमी लामो रज्जुमार्ग अमेरिकी सहयोगमा निर्माण भएको थियो। थानकोटदेखि कुलेश्वर त्रिपुरेश्वर खण्डमा माल सामान ढुवानीका लागि रेलमार्ग बिछ्याएको कुरा इतिहासका पानामा उल्लेख छ। नेपालमा विज्ञान र प्रविधिको अध्ययन अध्यापन गराई जग बसाली योगदान पुऱ्याएको 'पब्लिक साइन्स कलेज' को स्थापना २०१३ असोज १ गते भएको थियो। नेपाल सरकारले २०७० असोज १ गते राष्ट्रिय विज्ञान दिवस मनाउन सुरु गरेको हो। विज्ञान तथा प्रविधिलाई आमजनमानस सँगसँगै सबै क्षेत्रमा काम गर्नेहरूलाई महत्व बुझाउन र यसको अपरिहार्यतालाई आत्मसात् गर्न विज्ञान दिवस मनाउने कुराको थालनी अति नै सराहनीय छ। नेपाली समाज र सभ्यतामा अनेकौं प्रकारका प्रविधि प्रयोग गरिएका छन्। पृथ्वीनारायण शाहले नेपाल एकीकरणको बेला थुप्रै शिल्पीको ज्ञान र प्रविधिलाई अपनाएको सन्दर्भ एकातिर छँदै छ भने सम्भ्रान्त राणा परिवारमा जन्मिएका गेहेन्द्रशमशेर राणाको विज्ञान, प्रविधि र नवप्रर्वतनमा विशेष भूमिका छ भने उनका सहयोगी मुसे थापालगायतले गरेको अनुसन्धानले परम्परागत प्रविधिको प्रयोग गर्दै आधुनिक विज्ञानको उपयोगमा भूमिका खेलेको इतिहासमा पाइन्छ। गेहेन्द्रशमशेरले थुप्रै किसिमका हतियारको विकासमा महत्वपूर्ण भूमिका खेलेको र जमल, सुन्दरीजल, बालाजु र भोजपुरमा हतियार निर्माण थालेको कुरा इतिहासमा उल्लेख छ। उनले बनाएका हतियार काठमाडौँको छाउनीमा रहेको नेपाली सेना सैन्य सङ्ग्रहालयमा राखिएका छन्। नेपालको सैन्य र औद्योगिक आधुनिकीकरणमा महत्वपूर्ण भूमिका खेलेको गेहेन्द्रशमशेरको मृत्यु युवा अवस्थामामै रहस्यमयी ढङ्गले भएको बताइन्छ।

विज्ञान दिवसको अवसरमा देशको समग्र विकासमा विज्ञान–प्रविधिको महत्वलाई नीति निर्माणको तहमा पुऱ्याउन विशेष पहल गर्दै युवा प्रतिभाहरूलाई आकर्षित गर्ने र पूर्वजहरूसित भएको ज्ञानको खोजी गर्न आवश्यक छ। विज्ञान र प्रविधिले हाम्रो कार्यसम्पादनमा सहजता ल्याउन सक्नु पर्छ यो नै महत्वपूर्ण कुरा हो। आमजनमानसमा रहेको परम्परागत ज्ञान र सिपलाई परिस्कृत गर्नु पर्छ जसबाट स्थानीय स्तरमा उपलब्ध संसाधनको उचित उपयोगबाट दैनिक जीवनमा सकारात्मक रूपान्तरण ल्याउन सकियोस्। देशका विभिन्न भागमा उपलब्ध प्राकृतिक सम्पदा, स्थानीय ज्ञान र सिपबाट सञ्चालन हुन सक्ने ससाना उद्योगहरूको विकास गर्ने नीति राज्यको हुन सक्छ। रोजगारीको वृद्धि हुनगई आर्थिक उन्नयनमा ठूलो सहयोग पुग्न जाने हुन्छ। यस्ता कार्यका लागि सरकारले संरक्षक तथा अभिभावकको भूमिका खेल्न आवश्यक छ। देशको भौगोलिक विशिष्टतालाई बुझेर, स्थानीय स्रोतसाधनमा आधारित उद्योग तथा कलकारखाना खोलेर रोजगारी दिन सक्ने हो भने देश आत्मनिर्भर बन्दै जान्छ र युवा पलायन पनि रोकिन जान्छ।

नीति निर्माणमा संलग्न हुने व्यक्ति र संस्थाले यो कुरामा ध्यान दिनै पर्छ। अनि मात्र नेपालीले चाहेको सुखी र सम्पन्न नेपाल बन्न सक्छ। विकास भनेको एकीकृत प्रयास हो र यो भूगोलमा आधारित हुन्छ। भौगोलिक विविधतासँगै हावापानीमा पनि भिन्नता हुन्छ र भूगोलको विविधता अनुसार उत्पादन गरिने वस्तुहरू फरक हुन्छन्। हिमाली तथा उच्च पहाडी भूभाग, चुरे तराईमा फरक फरक कुराको उत्पादन हुन्छ। आधुनिक विज्ञान र प्रविधिको प्रयोगसँगै पारम्परिक ज्ञान र प्रविधिलाई पनि सुधार्दै अगाडि बढ्ने हो भने उत्पादनमा वृद्धि भई समृद्ध नेपाल बन्न सक्ने ठुलो सम्भावना छ ।

एउटा मानवीय स्वभाव के हो भने आफू जन्मिएको र हुर्किएको देश तथा गाउँ समाजलाई विश्वको जुनसुकै कुनामा पुगे पनि मानिसले कहिल्यै बिर्सन सक्दैन। विदेशमा अध्ययन र अनुसन्धान गरेर नाम र दाम कमाएका विज्ञता हासिल गरेका व्यक्तिहरू नेपालमा फर्किएर काम गरिरहेका र गर्न चाहिरहेका धेरै दृष्टान्त छन्। सरकारबाट उचित वातावरण र प्रोत्साहन पाए नपाएको भने ख्याल गर्नै पर्ने हुन्छ। वैज्ञानिक अनुसन्धान गरेर राष्ट्को समृद्धिमा योगदान पुऱ्याउन खोलिएका संस्थाहरू र विश्वविद्यालयलाई आवश्यक दक्ष व्यक्तिलाई स्थान दिन सरकार र सम्बन्धित निकायको स्पष्ट योजना आजको आवश्यकता हो।

विज्ञान र प्रविधिको क्षेत्रमा देशभित्रका विभिन्न प्राज्ञिक संघ संस्था, सरकारी निकाय, गैरसरकारी संघ संस्थामा कार्यरत देशबाहिर रहेका जनशक्तिलाई एक आपसमा सहकार्य गर्ने वातावरण नीतिगत रूपमा मिलाई दिन सरकारीस्तरबाट मात्रै सम्भव हुन सक्छ र अपेक्षित उपलब्धि हासिल हुन सक्छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ( नास्ट) विज्ञान तथा प्रविधिको विकासका लागि खोलिएको सर्वोच्च निकाय हो। त्यसै गरी नीति अनुसन्धान प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र त्रिभुवन विश्वविद्यालयको व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, नेपाल सरकारको वनस्पति विभाग अन्तर्गतको अनुसन्धान प्रयोगशाला तथा विभिन्न निकायको प्रयोगशाला छन्। नास्टलाई एक सबल संस्थाको रूपमा अघि बढाउन पहल लिनु पर्छ। नास्ट तथा विश्वविद्यालयले विदेशमा रहेका वैज्ञानिक, अनुसन्धानविद्लाई देशभित्र बोलाउन विशेष कार्यक्रम ल्याउन अति नै जरुरी छ। खासमा नेपालको हावापानी सुहाउँदो, स्थानीय आवश्यकताबमोजिमको अनुसन्धान र प्रविधि विकास मुख्य कुरा हो। यी राज्यका निकायले जनचाहना र आजको युगको मागबमोजिम कार्य गर्न सक्ने हो भने मात्रै सान्दर्भिकता बढेर जान्छ।

खास गरी नेपालको पछिल्लो समय सूचना प्रविधि क्षेत्रमा आशालाग्दो रूपमा विकास भएको छ तर नेपालमा जति फाइदा लिनुपर्ने हो त्यो हुन भने सकेको छैन किनभने हाल प्रविधिलाई अधिकांश रूपमा मनोरञ्जनको माध्यमको रूपमा मात्र प्रयोग भएको पाइएको छ। यसरी प्रविधिलाई कृषि, स्वास्थ्य जस्ता विभिन्न क्षेत्रमा अत्यधिक प्रयोग गरी ग्रामीण क्षेत्रमा त्यसबाट सेवा पुऱ्याउन सकियो भने मात्र केही उपलब्धि हासिल गर्न सकिएला। यसै गरी स्वास्थ्यको क्षेत्रमा पनि सूचना प्रविधिलाई प्रयोग गर्न सम्भव छ। कोरोना कालमा देशमा विद्यालय, महाविद्यालयदेखि विश्वविद्यालयसम्मका कक्षाहरू सूचना प्रविधिको प्रयोग गरेर सञ्चालन गर्न सफल भएको कुरा बिर्सन सकिँदैन। अप्ठ्यारो समयमा शिक्षाको गतिलाई अवरुद्ध हुनबाट बचाउन धेरै हदसम्म सूचना प्रविधिले महत्वपूर्ण भूमिका खेलेको छ। यस हिसाबले सूचना प्रविधिको विकास र पहुँच सन्तोषजनक ढङ्गले अगाडि बढिरहेको भन्न सकिन्छ।

कुनै पनि देशको विकासमा जनता आफैँ जागे भने देशको विकास हुन कठिनाइ हुँदैन। यति मात्र कि सरकारको सही योजना निर्माण अति आवश्यक हुन्छ। हाल नेपाली अधिकांश युवा विदेश गइरहेका छन्, त्यस्तो जनशक्तिलाई नेपालमा काम गर्न सक्ने वातावरण सरकारले बनाउनु पर्छ र अधिकतम मानव संसाधनको प्रयोग गर्नु पर्छ। साथै हाम्रो देशको पारम्परिक पद्धति तथा प्रविधिलाई बढावा दिन र प्रविधिको अधिकतम प्रयोग गर्नेतर्फ देशले ध्यान दिनु जरुरी छ।

राजनीतिक स्थिरता र इमानदार राज्य व्यवस्था कायम गर्न सकियो भने नेपालको भौगोलिक विविधता, परिश्रमी जनता, विभिन्न जनसमुदायमा भएको सिप, समाज र उमेर समूहले देशलाई ठुलो फाइदा पुऱ्याउन सक्छ। विज्ञान र प्रविधिको क्षेत्रमा योगदान पुऱ्याउन सक्ने प्राज्ञिक संस्थाहरू, अनुसन्धान केन्द्रहरू, गैरसरकारी संघ संस्था र विदेशमा रहेका जनशक्तिलाई उत्प्रेरित गरी उनीहरूको आर्जित ज्ञान, सिप र अनुभवलाई देशको हितमा प्रयोग गर्न राष्ट्रिय नीति नै ल्याउनु पर्छ। उत्साहका साथ अघि बढ्न खोजेका प्रतिभालाई प्रोत्साहित गर्नु पर्छ। यस कार्यका लागि विषयविज्ञका विचार लिई उनीहरूका साथमा बसेर देश विकासको खाका कोर्न सकियो भने देशले चाहेको अपेक्षित प्रगति हासिल गर्न सकिन्छ। विकास र समृद्धि आफ्नै जीवनकालमा देख्न र भोग्नका लागि विज्ञान र प्रविधिलाई प्राथमिकतामा राख्न जरुरी छ। गोपबाट

# रामेश्वर खनालको आर्थिक निर्णयले ल्याउने राजनीतिक असर

**भागवत भट्टराई**

काठमाडौं, १ असोज। अर्थमन्त्री रामेश्वर खनालले चालू आर्थिक वर्षको बजेटबाट 'टुक्रे' र 'प्राथमिकतामा नपरेका' आयोजना स्थगन गर्ने निर्णय गरेका छन्। यो निर्णयसँग आर्थिक मात्र होइन, राजनीतिक अर्थ पनि जोडिएको छ। जेन–जी आन्दोलनपछि चुनाव गराउने जिम्मेवारी लिएर आएको अन्तरिम सरकारले यस्ता आयोजना स्थगन गरेर करिब एक खर्ब रूपैयाँ बचत गर्ने योजना बनाएको हो। बचत भएको रकम फागुन २१ गतेलाई घोषित निर्वाचन र आन्दोलनमा क्षति पुगेका सरकारी संरचना पुनर्निर्माणमा खर्च गरिने सरकारको योजना छ।

तर सरकारले कुन–कुन आयोजना कटौती गर्न लागेको हो र यसको राजनीतिक प्रभाव कस्तो पर्न सक्छ भन्ने विषयमा अर्थ मन्त्रालयका अधिकारी र अर्थमन्त्री आफैंले पनि स्पष्ट रूपमा बोलेका छैनन्। अर्थमन्त्रीले यस्ता टुक्रे आयोजना पहिचान गर्न बजेट महाशाखा प्रमुख सुमन दाहालको नेतृत्वमा कार्यदल गठन गरेका छन्। यो कार्यदलले प्रतिवेदन बुझाएपछि मात्र कुन आयोजना कटौती हुने हो भन्ने स्पष्ट हुनेछ।

अर्थसचिव घनश्याम उपाध्यायले कुन टुक्रे आयोजना हो र कुन प्राथमिकतामा पर्दैन भन्ने छुट्याउन कार्यदल बनेको बताए। उनका अनुसार तयारी पूरा भइसकेका र काम अघि बढिसकेका आयोजना स्थगित हुने छैनन्। साना र तयारी अधुरो रहेका आयोजना अहिलेलाई स्थगन गरिने उनको भनाइ छ। अर्थ मन्त्रालयका प्रवक्ता टंक पाण्डेले पनि कार्यदलको अध्ययनपछि मात्र कुन–कुन आयोजना कटौतीमा परे भनेर प्रस्ट भन्न सकिने बताए।

चालू आर्थिक वर्षको बजेट आउनुअघि राष्ट्रिय योजना आयोगले तीन करोड रूपैयाँभन्दा कम लागतका साना योजनामा संघीय सरकारले लगानी नगर्ने प्रतिबद्धता जनाएको थियो। तर व्यवहारमा त्यस्तै प्रकृतिका सयौं साना योजना बजेटमा समावेश गरिएको पाइन्छ। तयारी पूरा नभएका आयोजना भन्नाले वातावरणीय प्रभाव मूल्यांकन नभएका वा जग्गा सुनिश्चित नभएका आयोजना पर्छन्। अर्थमन्त्री खनालको निर्णयअनुसार मुख्यगरी यस्तै आयोजना स्थगनमा पर्ने बुझिन्छ।

लामो समय अर्थ मन्त्रालयमा बसेका र मुलुकको अर्थराजनीति राम्ररी बुझेका अर्थमन्त्री खनालको यो निर्णयबाट स–साना आयोजनाका नाममा कनिकाफैं छरिएको बजेट रकम नियन्त्रण हुने भन्दै धेरैले प्रशंसा गरेका छन्। तर यसको आर्थिक मात्र होइन, राजनीतिक अर्थ पनि छ। हामीले यस्ता आयोजना स्थगनले के–कस्तो प्रभाव पर्न सक्छ भनेर अर्थ मन्त्रालयका केही बहालवाला र पूर्वकर्मचारीसँग कुरा गरेका थियौं।

उनीहरूका अनुसार टुक्रे आयोजनाहरू उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिन्छन्। यस्ता उपभोक्ता समितिमा राजनीतिक दलका स्थानीय नेताहरूकै पकड रहन्छ। त्यही भएर यस्ता आयोजना स्थानीय नेताको प्रभावमा बजेट दुरूपयोग गर्ने माध्यम बनेका थिए। गाउँ–गाउँमा कार्यान्वयन भइरहेका साना आयोजनामा प्रायः पार्टी कार्यकर्ताहरूले नेतृत्व लिने गर्थे। यसैलाई रोकेर वित्तीय अनुशासन कायम गर्न अर्थमन्त्री खनालले यस्तो घोषणा गरेका हुन् भन्ने उनीहरूको भनाइ छ।

यसले एकातिर दलीय संयन्त्रमार्फत हुने बजेट दुरूपयोग त रोकिन्छ नै, सँगसँगै तल्लो तहका कार्यकर्ताको आम्दानी गुम्ने अवस्था आएपछि दलहरूलाई तोकिएकै मितिमा चुनावमा जाने दबाब पनि बढ्नेछ। बजेटमा समावेश भएका कतिपय यस्ता आयोजना हेर्दा पनि त्यसलाई स्थगन गरिनुको कारण पुष्टि हुन्छ। उदाहरणका लागि, भौतिक पूर्वाधार मन्त्रालयले चालू वर्ष २१३ वटा पुलका लागि पाँच–पाँच लाख रूपैयाँ मात्र विनियोजन गरेको छ। जबकि २० मिटरको सामान्य पुल बनाउन पनि तीन करोड रूपैयाँभन्दा बढी खर्च लाग्छ।

त्यस्तै, सहरी विकास मन्त्रालयले गणेशमान सिंहका नाममा ७८ करोड रूपैयाँ विनियोजन गरेको छ, जसमा १३ लाखदेखि ८ करोडसम्मका ४५ वटा फरक फरक योजना छन्। यीमध्ये अधिकांश पार्क, बगैंचा, अध्ययन प्रतिष्ठान र स्मृति भवनसँग सम्बन्धित छन्। उद्योग मन्त्रालयले पनि आफ्नो कार्यक्षेत्र बाहिरका सडकका लागि ४८ करोड रूपैयाँ छुट्याएको छ। अधिकांश तत्कालीन मन्त्रीकै गृहजिल्ला बैतडीमा केन्द्रित छन्। यस्ता साना योजनाहरू संघीय सरकारको जिम्मेवारीभन्दा बाहिर पर्ने मान्यता राखिन्छ।

विनियोजन विधेयकले ३ करोडभन्दा कम लागतका आयोजना बैंकमा प्रवेश गर्न नदिने कडा व्यवस्था गरेको छ। राष्ट्रिय योजना आयोगले पनि हालसम्म १३ सय २७ आयोजना मात्र कार्यान्वयन योग्य मानेको छ, जुन ३ करोड रूपैयाँभन्दा बढी लागतका छन्। बाँकी करिब ९ हजार योजना टुक्रे प्रकृतिका छन्। अर्थमन्त्री खनालले पदभार ग्रहण गर्दा नै तयारी पूरा नभएका तर राजनीतिक पहुँचका भरमा मात्र छनौट गरिएका आयोजना कार्यान्वयन नगर्ने निर्णय गरेको बताएका थिए। टुक्रे र प्राथमिकतामा नपरेका आयोजनाबाट करिब एक खर्ब रूपैयाँ जोहो गर्न सकिने अनुमान अर्थमन्त्रीले गरेका छन्।

# गभर्नरले भने: संसद भवनभित्रको वाणिज्य बैंकबाट ५ करोड नगद र १८ किलो सुन लुटियो

काठमाडौं, १ असोज। नेपाल राष्ट्र बैंकका गभर्नरमा डा. विश्व पौडेलले जेन–जी आन्दोलनका क्रममा भएको अराजकताको मौका छोपी संसद भवनभित्र रहेको राष्ट्रिय वाणिज्य बैंकको शाखाबाट ५ करोड रुपैयाँ नगद र १८ किलो सुन लुटिएको बताएका छन्।

शुसान्त प्रधानको पोडकास्टमा जेन–जी आन्दोलनले पारेको आर्थिक क्षतिबारे बोल्दै डा. पौडेलले उक्त विवरण सार्वजनिक गरेका हुन्।

'एक ठाउँमा चाहिँ अलि सिरियस लुटपाट भएको छ, त्यो चाहिँ संसद भवनभित्र भएको राष्ट्रिय वाणिज्य बैंकको अफिस हो,' डा. पौडेलले भने, 'त्यहाँ ५ करोड रुपैयाँ जतिको क्यास र १८ किलो जति सुन चाहिँ लुटिएको छ।' उनले आन्दोलन सुरु हुनुअघि नै आफूले नेपाल राष्ट्र बैंकमाथि पनि आक्रमण हुन सक्ने भन्दै सचेत गराएको तर भाग्यवश राष्ट्र बैंकको थापाथली र बालुवाटारस्थित मुख्य भवनहरूमा भने कुनै क्षति नपुगेको बताए। 'लक्कीली, थापाथली र बालुवाटारमा त्यत्रो घरहरू ध्वस्त हुँदाखेरि पनि राष्ट्र बैंक चाहिँ केही भएन,' उनले भने।

**६८ बैंक शाखा र ६९ एटीएममा क्षति**

डा. पौडेलका अनुसार, आन्दोलनका क्रममा देशभर ६८ वटा विभिन्न बैंकका शाखाहरू र ६९ वटा एटीएमहरूमा क्षति पुगेको थियो। उनले धेरैजसो बैंक शाखाहरू सरकारी कार्यालय वा व्यापारिक कम्प्लेक्सभित्र रहेका कारण आक्रमणको निशाना बनेको बताए। भरतपुरमा एउटा एटीएम मेसिन नै उठाएर लगे पनि त्यसबाट पैसा निकाल्न भने नसकिएको उनले उल्लेख गरे।

यस्तो विषम र तनावपूर्ण परिस्थितिमा पनि राष्ट्र बैंकले आफ्नो इमरजेन्सी रेस्पोन्स टिम र बिजनेस कन्टिन्युटी प्लान मार्फत बैंकिङ तथा डिजिटल भुक्तानी प्रणालीलाई एकछिन पनि रोकिन नदिएकोमा डा. पौडेलले गर्व व्यक्त गरे। 'मलाई डर थियो कि एटीएममा पैसा पनि नहुने र डिजिटल पेमेन्ट पनि नहुने अवस्था आयो भने लुटपाट झनै बढ्छ र मानिसले खानेकुरा कसरी किन्छन् भन्ने थियो,' उनले भने, 'तर हाम्रो टिमले धेरै जोखिम मोलेरै भए पनि भुक्तानी प्रणालीको निरन्तरतालाई कायम राख्यो।'

उनले भदौ २३ गतेको घटनापछि आफूले बैंकर्स एसोसिएसनका प्रमुखलाई फोन गरेर कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्न र विशेषगरी महिला तथा बालबच्चा भएका कर्मचारीलाई छिट्टै घर पठाउने व्यवस्था मिलाउन आग्रह गरेको समेत सुनाए।

# रौतहटका चार स्थानीय तहको आर्थिक कारोबार बन्द

**प्रवीणकुमार शर्मा**

रौतहट, १ असोज। रौतहटका चार वटा स्थानीय तहको आर्थिक कारोबार बन्द भएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले मङ्गलबार गढिमाई नगरपालिका,माधवनारायण नगरपालिका, राजपुर नगरपालिका र राजदेवी नगरपालिकालको खाता बन्द गरेको छ। रौतहटका १८ वटा स्थानीय तहमध्ये चालु आर्थिक वर्षमा हालसम्म ४ वटा स्थानीय तहको खाता सुचारु भएर पहिलो किस्ता वापतको सशर्त र समानीकरण अनुदान निकासा भएको थियो। निमित प्रमुख प्रशासकीय अधिकृत रहेका रौतहटका १४ वटा स्थानिय तहमा एकै पटक सघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत खटाइ सके पनि कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटले पहिलाकै निमित प्रमुख प्रशासकीय अधिकृतकै नाममा खाता सञ्चालन गर्न थाले पछि यसको सर्वत्र आलोचना हुन् थालेको थियो।

देशमा सुशासन पारदर्शिता, जवाफदेहिताको क्रान्ति सुरु भइसकेको र अहिलेको सरकारको मुख्य प्राथमिकता भ्रष्टाचार,बेथिति रोक्न रहेको भन्दै खाता सञ्चालन भइसकेका स्थानीय तहको हकमा समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) लक गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख कोष नियन्त्रक देवीप्रसाद गौतमले जानकारी दिनुभयो। दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत खटाइएको अन्य स्थानिय तहको खाता सञ्चालन समेत हाललाई रोक्का गरिएको उहाँले बताउनु भयो।

निमित्त प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी सम्हाल्दै आएका रौतहटका १६ वटा स्थानीय तहमा दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृत खटाइए पनि १४ वटा स्थानीय तहमा हाजिर नभएकोले त्यस्ता पालिकाको हकमा सघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निकास दिनुपर्ने प्रमुख कोष नियन्त्रक गौतमले बताउनुभयो। सघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानिय तह कर्मचारी प्रशासन शाखाका शाखा अधिकृत पिताम्बर सारुले मन्त्रालयले स्थानीय तहमा सिस्टम ल्याउन गरेको प्रयासलाई कोलेनिकाले सहयोग गर्नु पर्नेमा पुरानै निमितको नामा खाता सञ्चालन गर्नु कदापि उचित नहुने बताउनुभयो।

रौतहटको गरुडा नगरपालिका र कटहरिया नगरपालिकामा उपसचिव हाजिर भएका छन्, यससँगै रौतहटमा चन्द्रपुर नगरपालिका, गरुडा नगरपालिका, कटहरिया नगरपालिका र दुर्गा भगवती गाउँपालिकामा दरबन्दी अनुसारको प्रमुख प्रशासकीय अधिकृतले जिम्मेबारी सम्हालेका छन्। दरबन्दी अनुसारको कर्मचारी हाजिर हुनै नदिने परम्परा रौतहटमा बिगत ८ वर्षदेखि चलि आइरहेको छ। यसैबिच संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहमा खटाइएका प्रमुख प्रशासकीय अधिकृतहरूलाई यथाशीघ्र आफ्नो जिम्मेवारीमा उपस्थित हुन भनेको छ।

मन्त्रालयले मंगलबार सूचना जारी गर्दै केही कर्मचारीहरू तोकिएको स्थानीय तहमा हाजिर नहुँदा नियमित कामकाजमा असर परेको भन्दै सम्बद्ध निकायलाई तत्काल रमाना दिन पनि निर्देशन दिइएको छ। स्थानीय तहमा प्रभावकारी सेवा प्रवाह र वित्तीय सुशासन सुनिश्चित गर्न, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा ४ बमोजिम विभिन्न मन्त्रालय, आयोग, सचिवालय तथा निकायमा कार्यरत उपसचिव र शाखा अधिकृतहरूलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा खटाइएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ।

### *कोशी ब्यारेजका...*

क्युसेक नाघेपछि खतराको संकेत स्वरूप रातो बत्ती बाल्ने गरिन्छ। सोहीअनुसार अहिले कोशी ब्यारेजमा रातो बत्ती बालिएको कन्ट्रोल रुमले जनाएको छ पहाडी भेगमा भइरहेको वर्षाको कारण जलसतह बढ्दै गएको हो।

# जनकपुरधाममा उल्लासमय बन्न सकेन विश्वकर्मा पूजा

जनकपुरधाम, १ असोज। जेनजी पुस्ताको आन्दोलनका कारण सिर्जित त्रासपूर्ण वातावरणले यस वर्ष जनकपुरधाममा मनाइने विश्वकर्मा पूजा प्रभावित बनेको छ। गत साता भएको आन्दोलनपछि जनकपुरधामका बजार अझै पूर्ण रूपमा सञ्चालनमा आउन नसक्दा विश्वकर्मा पूजा यसपटक साधारण रूपमा सम्पन्न भएको हो। प्रत्येक वर्ष मेला तथा विभिन्न व्यापारिक गतिविधिसहित यो पूजा भव्य रूपमा मनाउने गरिन्थ्यो। विश्वकर्मा पूजामा यसपटक व्यवसायीदेखि फूल र मिठाई व्यापारीसम्मले अपेक्षित कारोबार गर्न सकेनन्। जानकी बस व्यवसायी संघका अध्यक्ष मनोज चौधरीले आन्दोलनले सिर्जना गरेको त्रासका कारण पूजामा चहलपहल कम भएको बताए। उनका अनुसार महिलाको सहभागिता अनिवार्य हुने भए पनि त्रासका कारण यस वर्ष महिलाहरू घर बाहिर ननिस्किँदा पूजामा खल्लोपन आएको हो। भव्य सांगीतिक कार्यक्रम हुने प्रचलन भए पनि शोक दिवस परेको कारण यसपटक कार्यक्रम स्थगित गरिएको उनले जानकारी दिए। फूल व्यवसायी भोगेन्द्र मालीका अनुसार यस वर्ष फूलको कारोबार लगभग शून्य रह्यो। सरसजावट व्यवसायी रञ्जित पासवानले पूजाका लागि सजावट सामग्री धेरै ल्याए पनि बजार सुनसान रहेकाले ठुलो घाटा बेहोर्नुपरेको गुनासो पोखे।

त्यस्तै, मूर्तिकार जीवछ पण्डितले विश्वकर्मा भगवानका मूर्तिसमेत बिक्री नभएको भन्दै दुःख व्यक्त गरे। उनका अनुसार हरेक वर्ष मूर्ति खरिदमा प्रतिस्पर्धा हुने गरेकोमा यसपटक लागत मूल्यभन्दा कममा बिक्री गर्दा पनि कतिपय मूर्ति नबिकेर थन्किएका छन्। मानिसहरूले मूर्तिको सट्टा भगवानको फोटो किनेर पूजा गरेको उनले बताए। महँगो बजार र सुनचाँदीको बढ्दो मूल्यका कारण सोनारपटी पनि सुनसान रह्यो। सुनचाँदी व्यवसायी संघका अध्यक्ष पवन सिंहानियाले सरकारले कर वृद्धि गरेपछि महिनौँदेखि व्यवसाय चौपट भएको र आन्दोलनले थप मर्का पारेको बताए। 'मुलुकको ६ दर्जनभन्दा बढी युवा गुमाएको छ, आज शोक दिवस पनि परेको छ। यस्तोमा कसरी उत्सवको खुसी मनाउने ?' उनले भने। भव्य नभए पनि औपचारिक रूपमा पूजा सम्पन्न गरिएको उनले जानकारी दिए।

# जलेश्वर भन्सारमा राजश्व असुली निरन्तर घट्दै

जनकपुरधाम, १ असोज। महोत्तरीको प्रमुख व्यापारिक नाका मानिने जलेश्वर भन्सार कार्यालयमा राजश्व सङ्कलन निरन्तर गिरावट आएको छ। आन्दोलनकै प्रभावले नभई गत आर्थिक वर्षदेखि नै राजश्व असुलीमा गिरावट आइरहेको भन्सार कार्यालयले जनाएको छ। जलेश्वर भन्सार कार्यालयका प्रमुख राजेन्द्र बस्नेतका अनुसार चालु आर्थिक वर्षमा राजश्व संकलन ४२ प्रतिशतले घटेको छ। भन्सार नाकाबाट पेट्रोलियम पदार्थ आयात भिठामोड तर्फ मोडिनु र कोइला आयातमा समेत कमी आउनुले राजश्व संकलनमा प्रत्यक्ष असर परेको उनले बताए।

उनका अनुसार चालु आर्थिक वर्षको साउन महिनामा मात्रै २५ करोड रुपैयाँभन्दा बढी राजश्व संकलन गर्ने लक्ष्य राखिएको थियो। तर लक्ष्यअनुसार राजश्व उठ्न नसक्दा जम्मा १३ करोड २३ लाख ९६ हजार रुपैयाँ मात्र संकलन भएको थियो। भदौ महिनामा झन् राजश्व असुली घट्दै करिब ११ करोड रुपैयाँमा मात्र सीमित भएको प्रमुख बस्नेतले जानकारी दिए। जलेश्वर भन्सार नाका भौगोलिक रूपमा महोत्तरीको व्यापारिक गतिविधिको केन्द्र मानिन्छ। यस नाकाबाट दैनिक रूपमा ठुलो परिमाणमा उपभोग्य तथा निर्माण सामग्री आयात-निर्यात हुने गरेको छ। धान, चामल, आलु, प्याज, कोइला, टाइल्स, ग्रेनाइट ढिका, सेरामिक्स, फलफूल जस्ता वस्तुहरू भारतबाट आयात हुने गर्छन्। यस्तै कोर वेनिर, रिफाइन तेल, सोयाबिन तेल, तेजपत्ता लगायतका वस्तुहरू निर्यात हुँदै आएका छन्।

तर पछिल्लो समय पेट्रोलियम पदार्थको आयात भिठामोड नाकाबाट मात्र हुने भएपछि राजश्व सङ्कलनमा ठुलो गिरावट आएको हो। त्यस्तै, अन्तर्राष्ट्रिय बजारमा कोइला आपूर्तिमा कमी आउनु तथा भन्सार दरहरूमा आएको उतार-चढावले समेत राजश्व सङ्कलन प्रभावित भएको कार्यालयको भनाइ छ। व्यापारिक हिसाबले महत्त्वपूर्ण मानिने यो नाकाबाट राजश्व संकलन घट्नु सरकारको राजस्व व्यवस्थापनका दृष्टिले चिन्ताजनक संकेत भएको बताइन्छ।

# फरार कैदीलाई थप कारबाही गर्ने रौतहट प्रहरीको चेतावनी

रौतहट, १ असोज। रौतहटको गौरस्थित कारागार कार्यालयबाट जेनजी आन्दोलनको दिन फरार भएका कैदीबन्दीहरुलाई थप कारबाही गर्ने जिल्ला प्रहरी कार्यालय रौतहटले चेतावनी दिएको छ। कार्यालयले एक सूचना जारी गर्दै कैदीबन्दीबारे कुनै जानकारी भएमा प्रहरीलाई सम्पर्क गर्न पनि सर्वसाधारणलाई आग्रह गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले मंगलवार एक सूचना जारी गर्दै प्रहरीले फरार कैदीबन्दीहरु सम्पर्कमा आएमा नजिकको प्रहरी कार्यालय वा कारागार कार्यालय गौर, रौतहटमा जानकारी गराउन अनुरोध गरेको हो।

जिल्ला प्रहरी कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "अन्यथा प्रहरी र कारागार कार्यालयसँग सम्पर्क नगराई भागी हिँडेमा कारागार ऐन २०१९ को दफा ४४ को (१) बमोजिम तोकिएको सजायमा थप ५ वर्षसम्म कैद सजाय हुने ब्यहोरा समेत जानकारी गराइन्छ।" प्रहरीले फरार कैदीबन्दीको खोजी कार्यलाई तीव्र बनाएको र सर्वसाधारणको सहयोग अत्यावश्यक रहेको समेत जनाएको छ। कुल २९१ कैदी रहेको गौर कारागारबाट गत २४ गते राती २७ जना बाहेक सबै फरार भएका थिए। सो मध्ये हालसम्म कारागार गौरमा ११२ जना कैदी रहेको रौतहट प्रहरी प्रमुख एसपी नेत्र मणि गिरीले बताएका छन्।

गत २४ गते राति कारागारमा झैंझगडा गरी फरार भएकाहरुमा १७ जनालाई भारतीय सीमा सुरक्षा बल एसएसबीले पक्राउ गरी रौतहट प्रशासन लाई बुझाएको थियो। नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले ६८ जना कैदीलाई जिल्लाको विभिन्न स्थानबाट पक्राउ गरेको थियो भने १७९ जना कैदी हालसम्म फरार रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।






# सीके राउतलाई २४ घण्टाभित्र राजीनामा दिन अल्टिमेटम

काठमाडौं, १ असोज। जनमत पार्टीका वरिष्ठ उपाध्यक्ष अब्दुल खान, प्रवक्ता डा. शरदसिंह यादवलगायत ६ जना नेताले अध्यक्ष सीके राउतको राजीनामा माग गरेका छन्। पार्टी अध्यक्षलाई सम्बोधन गर्दै पत्रमार्फत् उनीहरूले नेतृत्व परिवर्तनको माग गर्दै अध्यक्ष राउतको राजीनामा माग गरेका हुन्। पत्रमा भनिएको छ, "पार्टीको समग्र हित, राजनीतिक विश्वसनीयता र जनआस्थाको पुनर्स्थापनाका लागि नेतृत्व परिवर्तन अपरिहार्य भएको निष्कर्षमा पुग्दै हामी निम्न हस्ताक्षरकर्ताहरू पार्टीको जिम्मेवार पदाधिकारीहरूको हैसियतले जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउत र संगठन विभाग प्रमुख डा. जयकान्त राउतज्यूले २४ घण्टाभित्र आफ्नो पदबाट स्वेच्छिक राजीनामा दिनुहुन हार्दिक अनुरोध गर्दछौं।"

पत्रमा देशमा व्याप्त भ्रष्टाचार, परिवारवाद, नातावाद, कृपावाद र सुशासनविरुद्ध भदौ २३ र २४ गते जेनजी युवापुस्ताले सञ्चालन गरेको आन्दोलनले नेपालको वर्तमान राजनीतिक परिदृश्यमा एक ऐतिहासिक मोड प्रदान गरेको पनि उल्लेख छ। "पछिल्लो समय पार्टीको शीर्ष नेतृत्वबाट देखिएको कमजोर कार्यशैली, निर्णय प्रक्रियामा पारदर्शिताको अभाव तथा जनभावनासँग विमुख गतिविधिहरूले पार्टीको मूल उद्देश्य, विचार र कार्यकर्ताको मर्मअनुसार अगाडि बढ्न नसकेको स्पष्ट देखिन्छ," पत्रमा भनिएको छ।

पत्रमा वरिष्ठ उपाध्यक्ष खान, प्रवक्ता यादव, जनमत युवा संघका केन्द्रीय संयोजक सञ्जयकुमार यादव, स्वास्थ्यकर्मी जनमत संघ केन्द्रीय संयोजक सीके सिंह, सुदूरपश्चिम वरिष्ठ प्रदेश इन्चार्ज राजाराम चौधरी र राष्ट्रिय परिषद् सदस्य तथा केन्द्रीय सदस्य विक्रमबहादुर बलमे हस्ताक्षर गरेका छन्।

# ४ सय ७५ किलो गाँजासहित २ जना पक्राउ

धनुषा, १ असोज। प्रहरीले धनुषाको विदेह नगरपालिका-३, जोगियाराबाट ४ सय ७५ किलो अवैध लागूऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ। मंगलबार बिहान उनीहरूलाई पक्राउ गरिएको हो। पक्राउ पर्नेमा धादिङको बेनिघाट रोराङ गाउँपालिका-१ का २४ वर्षीय बिराज गुम्बा र बाँकेको कोहलपुर पार्वतीपुरका १८ वर्षीय एक किशोर छन्। इलाका प्रहरी कार्यालय ढल्केवरबाट खटिएको प्रहरी टोलीले गणेशमान चारनाथ नगरपालिका-४, वीरेन्द्रबजारको सडकमा रोकिएको प्र.३-०१-०२४ च ८३२५ नम्बरको पिकअप गाडीबाट उनीहरूलाई नियन्त्रणमा लिएको थियो। उनीहरूले धरानबाट उक्त गाडीमा गाँजा ल्याएको भन्ने सूचनाको आधारमा प्रहरीले उनीहरूलाई पिछा गरेको थियो।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)